सरूमारानी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

वङ्गाँडा ,प्यूठान

लुम्बिनी प्रदेश नेपाल

प.स: ०८०।०८१

च.नं: २६७

मिति:२०८०।०५।२६

श्री सवै शाखा प्रमुखहरु,
सरुमरानी गाउँपालिक,प्यूठान ।
श्री वडा कार्यालयहरु सवै
सरुमरानी गाउँपालिक,प्यूठान ।

विषय: निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारी गाउँपालिकाको मिति २०८०।०५।१७ गते बसेको बैठकको निर्णय प्रति आवश्यक कार्यान्वयन तथा जानकारीको लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८०।५।२६

............................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## मिति २०८०।०५।१७ गते गाउँकार्यपालिकाको छब्बिसौं बैठकका प्रस्तावहरु

१. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।
२. साझेदारीमा कार्यक्रम संचालन तथा ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०८० स्वीकृत सम्बन्धमा ।
३. किसानसंग गाउँसरकार संचालन कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।
४. कृषि/पशुपंक्षि विकास स्रोत केन्द्रको बजेट बाँडफाँड सम्बन्धमा ।
५. हप्किडो खेल कार्यक्रम संचालन/ब्यबस्थापन सम्बन्धमा ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट बाडफाड सम्बन्धमा ।
७. बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

- कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर(जिवजन्तु हाड सिङ्ग.....वनकस, जडिवुटस निकासी कर सम्बन्धमा ।)
- लघुउद्यमी समूह दर्ता सम्बन्धमा ।
- अस्थायी कोठा निर्माण सम्बन्धमा ।
- बार्षिक कार्ययोजना सम्बन्धमा ।
- सि.सि. टि.भि. जडान सम्बन्धमा ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

बैठक संख्या-२६

गाउँकार्यपालिकाको छब्विसौं बैठकका निर्णयहरु-२०८०।०५।१७ गते

**निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०४/२९ र २०८०।५।१ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएका र केहि निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाईयो ।

**निर्णय नं.२.साझेदारीमा कार्यक्रम संचालन तथा व्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०८० स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०८० को दफा १४ बमोजिम साझेदारीमा कार्यक्रम संचालन तथा व्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० लाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३. किसानसंग गाउँसरकार संचालन कार्यविधि,२०७५ संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा किसानसँग गाउँ सरकार कार्यक्रम संचालन कार्यविधि, २०७५ का विभिन्न दफा/बुदाहरुमा गरिएको संशोधित कार्यविधिलाई स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४. कृषि/पशुपंक्षि विकास स्रोत केन्द्रको बजेट बाँडफाँड सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व. २०८०।०८१ को बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत सरुमारानी कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्र संचालन तथा व्यवस्थापन शिर्षकको रु. १२,५००,००/- सरुमारानी नमुना कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्र विकास आयोजना रु. ५०,००,०००/-संघीय सरकार विशेष अनुदान-बेमौसमी तरकारी उत्पादनको लागि व्यवसायिक/आधुनिक टनेल निर्माण ११,२०,०००/-बाट खर्च हुने गरी गरी जम्मा ७३,७०,०००/-को बजेटलाई तपशिलका योजना तथा कार्यक्रम तथा क्रियाकलापमा खर्च गर्नेको लागी सरुमारानी गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्र निर्देशक समितिको बैठकबाट स्वीकृतको लागी सिफारिस भएकोले उक्त कार्यक्रमलाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो । साथै उक्त स्रोत केन्द्र संचालनको लागि जनशक्ति अपुग भएकोले थप २ जना सहयोगी कामदारहरु दैनिक ज्यालादारीमा थप गरी परिचालन गर्ने निर्णय गरियो ।

तपशिल



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | पूर्वाधार निर्माण (गोठ निर्माण/सुधार/ गेट सहित घेराबार) | संख्या | | १५,००,०००/- | |
| २. | पावर टिलर (ट्राली/हलो सहित) खरिद | संख्या | १ | ४,००,०००/- | |
| ३. | दुहुनो भैंसी खरिद | संख्या | ५ | ७,५०,०००/- | |
| ४. | दाना/औषधी | | | ५,५०,०००/- | |
| ५. | च्याउको लागि पोली हाउस निर्माण | संख्या | १ | ३,००,०००/- | बेमौसमी तरकारी उत्पादनको लागि व्यवसायिक/आधुनिक टनेल निर्माण ११,२०,०००/-बाट खर्च हुने गरी (संघीय सरकार विशेष अनुदान) |
| ६. | तरकारीको बेर्ना उत्पादन गर्नका लागि पोली हाउस निर्माण | संख्या | २ | ८,३०,०००/- | बेमौसमी तरकारी उत्पादनको लागि व्यवसायिक/आधुनिक टनेल निर्माण११,२०,०००/-बाट खर्च हुने गरी (संघीय सरकार विशेष अनुदान) |
| ७. | कर्मचारी तथा ज्यामी परिचालन | | | १६,००,०००/- | सरुमारानी कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्र संचालन तथा व्यवस्थापन १२,५०,०००/- बाट खर्च हुने गरी (अन्तर सरकारी वित्तीय हस्तान्तरण नेपाल सरकार) |
| ८. | जग्गा भाडा | रोपनी | ७१ | २,७३,३५०/- | |
| ९. | बिउ | | | १,००,०००/- | |



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | (तरकारी/खाद्यान्न/च्याउ) खरिद | | | | |
| १०. | मल (रसायनिक/प्रांगारिक) खरिद | | | १,००,०००/- | |
| ११. | भर्मिक कम्पोष्ट मल | | | १,५०,०००/- | |
| १२. | सुक्ष्म खाद्य तत्त्व तथा विषादी खरिद | | | १,००,०००/- | |
| १३. | कृषि सामग्री खरिद | | | २,००,०००/- | |
| १४. | दाना (दाना चक्की) बनाउने मिल | | | ३२,०००/- | |
| १५. | घाँस काट्ने मेसिन | | | ३५,०००/- | |
| १६. | मेशिनरी खर्च (इन्धन/भाडा/मर्मत) | | | ६०,०००/- | |
| १७. | विद्युत मिटर जडान, वाईरिंग,विद्युत महसुल | | | ३०,०००/- | |
| १८. | कार्यालय मर्मत तथा रंगरोगन | | | ५०,०००/- | |
| १९. | भैंसी बिमा तथा ट्यागिन | | | २०,०००/- | |
| २०. | विविध खर्च | | | २,८९,६५०/- | |
| | जम्मा | | | ७३,७०,०००/- | |

**निर्णय नं. ५. हप्किडो खेल कार्यक्रम संचालन/व्यबस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.ब. २०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत विद्यालय स्तरीय हप्किडो खेलकुद संचालन शिर्षकमा १०,४०,०००/- बाट यस गाउँपालिकाका दुई विद्यालयहरुः जनता मा.वि. बड्डाडा, सरस्वती मा.वि. चाभामा गत बर्षदेखी नै विद्यालय स्तरीय हप्किडो खेलकुद संचालन भई रहेकोमा चालु आ.ब.मा थप दुई विद्यालयहरुः सत्य मा.वि. देदेरी र सरस्वती मा.बि बागेशाल लाई थप गरी विद्यालय स्तरीय हप्किडो खेलकुद संचालन गर्ने, उक्त खेलकुद संचालन गर्नको लागी नेपाल मार्शल आर्टस हाप्किडो संघ प्यूठान जिल्लाको प्रस्ताव अनुसार सिफारिस गरिएका र गत आ.ब.मा यस गाउँपालिकामा दुई विधालयमा खेलकुद प्रशिक्षकको रुपमा कार्यरत खेलकुद शिक्षक/प्रशिक्षकहरुको कार्यसम्पादन सन्तोषजनक भएकोले निजहरुलाई मासिक रु. ४०,०००/-( १ प्रतिशत सामाजिक सुरक्षा करकट्टि हुने गरी) का दरले २०८० श्रावण १ गते देखी लागू हुने गरी सम्बन्धित विधालयले करार संझौता गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।



देविराज पाठक
प्रमुख प्रशासकीय अधिकृत

झक्क बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

खगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ६. प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट बाँडफाड सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गर्दा यस गाउँपालिकाको चालू आ.ब. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नेपाल सरकार अनुदान (कामका लागी पारिश्रमिक) को रु. २३,८०,०००/- र पहल परियोजना तर्फ रु.२३,८४,०००/- गरी कूल जम्मा रु. ४७,६४,०००/- बजेटबाट तपशिलका योजनाहरुमा बजेट बाडफाड गर्ने निर्णय गरियो ।साथै यस गाउँपालिकाको चालू आ.ब.को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विनियोजित प्रधानमन्त्री रोजगार कार्यक्रम सामाग्री सहयोग शिर्षकमा विनियोजित बजेट रु. ६ लाख सोही योजनाहरु मध्ये निम्न योजनामा सामाग्री खरिदको लागि विनियोजित गर्ने निर्णय गरियो ।

तपिशल

| क्र.स | योजनाहरुको नाम | ठेगना | प्रधान मन्त्री रोजगार कार्यक्रमको रु. | गाउँपालिका सामाग्री खरिद | श्रमिक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | धाद्र सिचाई योजना निर्माण | वडा नं.१ झिलिवाङ्ग | ४००८०० | चालू आ.ब.को बजेट समेत समावेश गरी काम गर्ने । | ६ | पहल |
| २ | बोदनेखोला-खोलापारी सिचाई कुलो निर्माण | वडा नं.१ | ४००८०० | १००००० | ६ | |
| ३ | चौकी-ढाण मो.बा.मर्मत | वडा न. २ | ४००८०० | १००००० | ६ | पहल |
| ४ | स्वर्गद्धारीगेट-ददेरीखोला मो.बा. मर्मत | वडा न. २ | ४००८०० | चालू आ.ब.को बजेट समेत समावेश गरी काम गर्ने । | ६ | |
| ५ | ओदाले पक्कीकुलो निर्माण योजना | वडान. ३ सुजिनपुर | ४००८०० | १००००० | ६ | पहल |
| ६ | बङ्गाडा-ऐरावती सडक तथा नाली मर्मत | वडा न. ३ हंशपुर | ३७६००० | ० | ६ | |
| ७ | बङ्गाडा बजार टुडिखेल मैदान निर्माण | वडा न.४ | ४०४८०० | चालू आ.ब.को बजेट समेत समावेश गरी काम गर्ने । | ६ | पहल |
| ८ | धनकोट-बङ्गाडा मो.बा. स्तरउन्नोती | वडा न. ४ | ४००८०० | १००००० | ६ | |
| ९ | जसपुर बुढिचौर गोरेटो बाटो निर्माण | वड न. ५ | ३७६००० | ५०००० | ६ | पहल |



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

खगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भाग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | डुमिखर्क घोरेटो बाटो निर्माण | वड न. ५ | ४००८०० | २०००० | ६ | |
| ११ | श्री श्रमरानी मा.वि. भवन निर्माण | वडा न. ६ | ४००८०० | चालू आ.ब.को बजेट समेत समावेश गरी काम गर्ने | ६ | पहल |
| १२ | प्रगतिशिल बालविकास केन्द्र टाकुरा पर्खाल निर्माण | वडा न. ६ | ४००८०० | १३०००० | ६ | |
| | जम्मा | | ४७६४००० | ६००००० | ७२ | |

उपरोक्त योजनाहरु मध्ये यस गाउँपालिकाको चालू आ.ब.मा बजेट विनियोजन भएका योजनाहरु यसै कार्यक्रममा समावेश गरी संयूक्त रुपमा लागत ईष्टमेट गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७. बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ.ब. २०७९।०८० को बार्षिक समिक्षा कार्यक्रम २०८० असोज दोश्रो हप्ता भित्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८. आर्थिक सहायता सम्बन्धमा ।**

प्रस्ताव न.८ माथी छलफल गर्दा यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | सृजना घर्ती | वडा न. ३ | १५००० | विपद ब्यवस्थापन/प्रकोप व्यबस्थापन कोष |
| ४ | शिव परियार | वडा न. १ | १०००० | विपन्न असहाय सहायता |
| ५ | बिष्नी दमाई | वडा न. १ | २०००० | दिर्घरोग स्वास्थ्य सहायता |

**निर्णय नं. ९. विविध सम्बन्धमा ।**

- **कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर (जिवजन्तु हाड सिङ्ग.....वनकस, जडिवुटी निकासी कर सम्बन्धमा ।)**

  यस गाउँपालिकाको चालू आ.ब. को आर्थिक ऐन, २०८० मा कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर (जिवजन्तु हाड सिङ्ग.....वनकस, जडिवुटी निकासी कर) शिर्षकमा बार्षिक आय अनुमान छुट हुन गएकोले यस पछि बस्ने गाउँसभाबाट अनुमोदन हुने गरी बार्षिक रु. ७५,०००/- आय अनुमान गरी कार्यान्वयनमा लैजाने समेत निर्णय गरियो ।



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भाग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

- **लघुउद्यमी समूह दर्ता सम्बन्धमा ।**
  यस गाउँपालिकाका विभिन्न वडाहरुमा गठन भएका लघुउद्यमीहरुलाई उद्यमी समूहको रुपमा दर्ता प्रकृया अगाडी बढाउने निर्णय गरियो ।साथै उद्यमी समूह दर्ता शुल्क रु.१००० र बार्षिक नविकरण शुल्क रु.५००/- लिने निर्णय गरियो ।

- **अस्थायी कोठा निर्माण सम्बन्धमा ।**
  मर्मत संभार शिर्षकबाट खर्चहुने गरी यस गाउँपालिकाको प्रशासनिक भवनको छतमा अस्थायी प्रकृतिको स्टोर/क्यान्टिन प्रयोजनको लागी एक वटा कोठा निर्माण गर्ने निर्णय गरियो ।

- **बार्षिक कार्ययोजना सम्बन्धमा ।**
  यस गाउँपालिकाको कार्यालयबाट तयार गरिएको चालू आ.ब.को बार्षिक कार्ययोजना जानकारी भयो ।सो अनुसार बार्षिक कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।
- **सि.सि. टि.भि. जडान सम्बन्धमा ।**

  यस गाउँपालिकाको बड्डाडा बजार र बड्डाडा बजारमा सि.सि. टि.भि. जडान तथा मर्मत गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/५/१९

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

२०८०/५/१९

झग्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष